व्यास नगरकार्यपालिकाको २०८ औं बैठक आज मिति २०८१/११/२१ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/११/८ र १३ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
प्रस्ताव नं.२: एशियाली विकास बैंकको सहयोग कार्यक्रम सम्बन्धमा।
प्रस्ताव नं.३: अन्तर्राष्ट्रिय नारी दिवस २०८१ मनाउने सम्बन्धमा।
प्रस्ताव नं.४: नगर प्रमुखको एसिया पेसिफिक क्षेत्रको बैठकको सहभागिता जानकारी सम्बन्धमा।
प्रस्ताव नं.५: व्यास नगरपालिकाको सरसफाई केन्द्रको जग्गा खरिद प्रकृया सर्वदलीय बैठक आब्हान सम्बन्धमा।
प्रस्ताव नं.६: व्यास नगरपालिकाको केही कर्मचारीहरुको अडियो प्रकरण सम्बन्धमा।
प्रस्ताव नं.७: व्यास नगरपालिकाको सूचना अधिकारी तोक्ने सम्बन्धमा।
प्रस्ताव नं.८: आगामी नगर कार्यपालिकाको बैठक सम्बन्धमा।
प्रस्ताव नं.९: निजी विद्यालयहरुलाई करको दायरामा समेट्ने सम्बन्धमा।
प्रस्ताव नं.१०: सौन्दर्य व्यवसायी/उद्यमीमहिलाहरुका लागि स्तरउन्नति तालिम सम्बन्धमा।
प्रस्ताव नं.११: महेन्द्रज्योति मा.वि.को मा.वि. रिक्त दरबन्दीको विषय परिवर्तन सम्बन्धमा।
प्रस्ताव नं.१२: केही शिक्षकहरु कामकाजमा खटाउने सम्बन्धमा।
प्रस्ताव नं.१३: ICLET- Local Governmats For Sustainability अन्तर्गत SIRA परियोजनामा प्रतिनिधि पठाउने सम्बन्धमा।
प्रस्ताव नं.१४: पुनःप्रयोगमा आउने सामग्री बिक्रीको आम्दानी सम्बन्धमा।
प्रस्ताव नं.१५: सेती नदी तर्फको व्यास ५ अन्तर्गतको विपद्जन्य सामग्री बिक्री सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यसअघि मिति २०८१/११/१३ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा देशभरका १० पालिकाहरुमा यस व्यास नगरपालिका समेतको आर्थिक सवलीकरण गर्ने एशियाली विकास बैंकको सहकार्यको परियोजना स्वीकृत भएकाले त्यसको स्वागत गर्दै यस नगरपालिकाको मध्यकालीन खर्च संरचना, आर्थिक सर्वेक्षण, लैङ्गिक समानता, वातावरणमैत्री बजेट तर्जुमाका आधार एवं मान्यतामा रही विज्ञहरुसँग सहकार्य गर्ने निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यही २०८१ फागुन २४ गते (८ मार्च २०२५) अन्तर्राष्ट्रिय नारी दिवस परेको हुनाले उक्त नारी दिवस भव्यताका साथ मनाउन सबै जनप्रतिनिधिहरु, राजनैतिक दलसँग सम्बद्ध सम्पूर्ण महिला संघ/संगठन, सञ्चारकर्मी, उद्यमी महिला, महिला सहकारी, जातीय संघ/संगठन, आमा समूह, कलाकार लगायतको सहभागिता रहने गरी नगर उप-प्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा मूल आयोजक समिति गठन गर्ने र उक्त दिन ११:०० बजे ऱ्याली सहित नगर सभाकक्षमा कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नगर प्रमुखबाट मिति २०८१/११/११ गतेदेखि मिति २०८१/११/१६ गतेसम्म थाइल्याण्डको राजधानी बैंककमा संयुक्त राष्ट्रसंघको भवनमा दिगो विकासका लक्ष्य सम्बन्धी एसिया प्यासिफिक क्षेत्रबाट बैठकमा सहभागी भई स्थानीय तहहरुको तर्फबाट दिगो विकासका लक्ष्यहरुको ३, ५, ८, १४, १७ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको जानकारी प्राप्त गरियो।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको जग्गा खरिद प्रक्रियामा नगरपालिकाका केही कर्मचारीहरुको अडियो सार्वजनिक भएको सम्बन्धमा राष्ट्रिय मान्यता प्राप्त स्थानीय राजनैतिक दल, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, रा.प्र.पा., नेकपा समाजवादी लगायतको प्रेस विज्ञप्ति बैठकमा जानकारी गराइयो। यस सम्बन्धमा मिति २०८१/११/२५ गते २:०० बजे स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुसँग सरसफाई केन्द्रको जग्गा व्यवस्थापन सम्बन्धमा संयुक्त बैठक बस्ने निर्णय गरियो।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतका सम्बन्धमा अमर्यादित भाषा प्रयोग गर्ने यस नगरपालिकाका कर्मचारीहरु श्री कुमार कञ्चन जि.सी., श्री प्रमोद सोती, श्री कृष्णराज घिमिरे र श्री कुशेश्वर गुरुङ्गलाई प्रमुख प्रशासकीय अधिकृतबाट ७ दिने स्पष्टीकरण सोधिएको विषय बैठकमा अनुमोदन गरी ती कर्मचारीहरुलाई छानबिन प्रक्रिया नटुङ्गिदासम्म निलम्वन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र छानबिनको लागि स्पष्टीकरण सोधिएका कर्मचारीहरुलाई दिएको अतिरिक्त थप सुविधा हाललाई कटौती गरी कार्यपालिकाबाट तोकिएका सबै समिति, उपसमितिको जिम्मेवारीबाट हटाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सूचना अधिकारीको जिम्मेवारी शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख श्री केदारराज आचार्यलाई दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा स्पष्टीकरण माग गरिएका कर्मचारीहरुको प्राप्त स्पष्टीकरण मिति २०८१/११/२६ गते बिहान ८:०० बजे हुने बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका केही निजी विद्यालयहरुले धेरै लामो समयदेखि करको दायरामा आएको नदेखिंदा त्यस्ता विद्यालयहरुलाई करको दायरामा ल्याउन व्यास नगर राजश्व परामर्श समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्र भित्र रहेका तनहुँ सौन्दर्य व्यवसायी संघ नेपालमा आवद्ध उद्यमी महिलाहरुबाट प्रस्तावना सहित नेल आर्ट सम्बन्धी स्तरोन्नति तालिम माग भई आएको हुँदा उक्त तालिमका लागि स्वीकृत वार्षिक बजेटको खर्च शीर्षक नं.१२४ (रोजगार प्रवर्द्धन सहयोग कार्यक्रम सामी/मेडपा) बाट भुक्तानी हुने गरी रू.२,६८,०००। (दुई लाख अड्सठ्ठी हजार रुपैंया) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास ६ शिशाघाट स्थित महेन्द्रज्योति मा.वि. मा रिक्त रहेको नेपाली विषयमा पदपूर्ति गर्ने सम्बन्धमा छलफल हुँदा विद्यालयमा अर्को मा.वि. तहमा नेपाली विषयको स्थायी शिक्षक भएकाले रिक्त नेपाली विषयलाई विद्यालयको माग अनुसार कम्प्युटर विषयमा परिवर्तन गरी विज्ञापन अनुमति दिन व्यास नगर शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० दुम्सीचौर भानु मा.वि. मा कार्यरत राहत मा.वि. अंग्रेजी विषयका शिक्षक श्री शिवराज अधिकारीको दरबन्दी भानु मा.वि. मा कायमै राखी व्यास ११ फराकचौर स्थित बाराही मा.वि.मा अर्को व्यवस्था नहुँदासम्म काजमा पठाउने, ऐ. भानु मा.वि. मै कार्यरत मा.वि. गणित विषयका स्थायी शिक्षक श्री प्रकाश काफ्लेलाई दरबन्दी भानु मा.वि. मै कायम गरी हाललाई अर्को व्यवस्था नहुँदासम्म व्यास ७ छापथोक स्थित क्यामिनकोट मा.वि. मा काजमा खटाउने, व्यास २ सत्यवती मा.वि. मा कार्यरत नि.मा.वि. विज्ञान विषयका स्थायी शिक्षक श्री चिरञ्जीवी न्यौपानेलाई व्यास ५ नेपालटार स्थित जनजुक्त शाही मा.वि.मा शिक्षण गर्ने गरी खटाउने र ऐ.जनजुक्त शाही मा.वि.मा नि.मा.वि. दरबन्दीमा रही अध्यापन गरेका विज्ञान विषयकी शिक्षक श्री सुभद्रा महतलाई ऐ.सत्यवती मा.वि. मा अध्यापन गर्ने गरी खटाउने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा SIRA परियोजना अन्तर्गत संस्थाको माग अनुसार निम्न कर्मचारीहरुलाई तालिमका लागि सिफारिस गर्ने निर्णय गरियो ।
(१) प्रमुख प्रशासकीय अधिकृत श्री काशी राम गैरे
(२) घर नक्सा शाखा प्रमुख इन्जिनियर श्री अमृत के.सी.
(३) योजना उपशाखा प्रमुख श्री भेषराज तिवारी

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट नगरवासीका घर आगनबाट संकलन भएका पुनः प्रयोगमा आउने सामाग्रीहरुको मिति २०८१/४/२७ देखि २०८१/११/२० सम्म

बिक्रीबाट रू.८,३४,२८०/३० (अक्षेरुपी आठ लाख चौतीस हजार दुई सय असी रुपैयाँ र पैसा तीस मात्र) आय भएको सम्बन्धित शाखाबाट जानकारी प्राप्त भएकाले उक्त कार्यलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने सम्बन्धित सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास ५ बेतेनी क्षेत्रमा रहेको नदीको बाढीबाट जम्मा भएको सामग्रीको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरे बमोजिमको सामग्री हटाउन जिल्ला विपद् समितिसँग अनुमति माग गरिएको हुँदा अनुमति प्राप्त भएपछि नियमानुसार खरिद बिक्री कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

***